## अनुसूची –५
### (दफा ११ को उपदफा ३ सँग सम्बन्धित )

# ....................................कृषक समूह
# ................................. को
# बिधान २०....

**प्रस्तावना :**

यस गाउँपालिका मा अधिकांश नागरिकहरु कृषि पेशामा निर्भर छन्, ता पनि परम्परागत सोच कायम रहि रहेको र कृषिमा आधुनिक प्रबिधिको बिकास हुन सकि रहेको छैन । कृषि को सुधार बिना यस नगरपालिका र देशको विकास प्राय असंभव रहेको छ । राष्ट्रको मुख्य अर्थतन्त्रको मेरुदण्ड नै कृषि हो । त्यसैले समाजमा रहेको गरिवी र वेरोजगारीतालाई हटाउनका साथै कृषि पेशालाई आधुनिक र मर्यादित वनाई कृषकहरुलाई आत्मनिर्भर वनाउन आधुनिक कृषि प्रणाली अपनाउन जरुरी देखिन्छ । त्यसै उद्धेश्यले ओमसतिया गाउँपालिका कृषि शाखा कार्यालय हाटीफर्साटिकर, रुपन्देही तथा यस गाउँपालीकाका अन्य संस्थाहरु संग अन्तर सम्वन्ध कायम गर्दै कृषक र गाउँगाँउ सम्म कृषि सम्वन्धी जनचेतना फैलाउन र कृषि पेशामा भरपर्ने कृषकहरुलाई कृषि पेशामा नै आत्मनिर्भर गराउनका लागी ओमसतिया गाउँपालिकाको कृषि शाखामा श्री .........................कृषक समुह ....................गठन गरी समूहका कृयाकलापहरु नियमन गर्न वान्छनीय देखिइएकोले मिति ......................मा कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७६ को अधिनमा रहि यस विधान तर्जुमा गरी लागु गरीएको छ ।

## १ प्रारम्भिक :

**(१) संक्षिप्त नाम र प्रारम्भ**

(क) यो समुहको नाम “ ................................................ कृषक समूह ” रहने छ ।

(ख) यो समुहको ठेगाना ओमसतिया गाउँपालिका वडा नं....**स्थान**.............................मा रहने छ ।

(ग) बिधान स्थापना मिति : २०...../....../.......

(घ) यो विधान ओमसतिया गाउँपालिकाको कृषि शाखामा दर्ता भएपछि तुरुन्त लागू हुनेछ।

**(२) परिभाषा :**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस “विधान” मा प्रयोग भएका निम्न शव्दहरुको अर्थ निम्नानुसार रहने छ ।

(क) “विधान” भन्नाले “.....................................................कृषक समूह” ................सम्झनु पर्छ ।

(ख) “समुह” भन्नाले “ ........................................कृषक समूह ” ...................... सम्झनु पर्छ ।

(ग) “सदस्य” भन्नाले कृषक जो ....................................कृषक समुहको उद्देश्य अनुसार विधान को दफा ३ बमोजिम सदस्यता लिएको जनाउनेछ ।

(घ) “कार्यसमिति” भन्नाले विधान अनुसार निवार्चित समुहको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्य पदाधिकारीहरुलाई जनाउँदछ ।

(ङ) “वैठक” भन्नाले विधान वमोजिम वस्ने समुहको नियमित वैठक भन्ने सम्झनु पर्छ ।

(च) साधारणसभा भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउनेछ ।

**(३) समुहको छाप र प्याड :**

(क) “ .................................... कृषक समूह ” ................................ ”

(ख) अण्डाकारमा पढ्न सकिने समुहको पूरा नाम भएको छाप रहने छ ।

**(४) समूहको कार्यालय :**

यस समुहको कार्यालय सामान्यतया ओमसतिया गाउँपालिका वडा नं. ...... स्थान ..............................मा रहने छ ।

**(५) समूहको दर्ता :**

(क) कृषक समूह ओमसतिया गाउँपालिकाको कृषि शाखामा दर्ता गर्नु पर्नेछ ।

(ख) अनिवार्य रुपमा आन्तरीक राजश्व कार्यालयमा समेत दर्ता गरी स्थायी लेखा नंम्बर(PAN) लिनु पर्ने छ ।

## २. समुहको उदेश्य र कार्य :

**(१) उद्देश्य :** सदस्यहरुको सामाजिक, आर्थिक, कृषिजन्य व्यवसायिक हितलाई ध्यान राखि देहायमा उल्लेखित समुहको उद्देश्य हुनेछ :–

(क) गुणस्तर युक्त ताजा तरकारी उत्पादन र विक्री वितरण गरी समूह सदस्यहरुको आय श्रोत वृद्धि गर्न बिभिन्न कार्यक्रमहरु संचालन गर्ने र लघु श्रृण को व्यबस्था गर्ने ।
(ख) सामूहिक सिंचाई कार्यक्रमहरु संचालन गरी व्यवसायिक तरकारी तथा नगदेवाली लगाउने ।
(ग) समूहलाई संगठित गरी निरन्तरता दिने ।
(घ) समुहको निरन्तरता र प्राविधिक सरसल्लाहको लागि ओमसतिया गाउँपालिका, कृषि शाखा लगायत यस उद्देश्य संग सम्वन्धित निकाय गै.स.स.हरु संग सम्पर्क राख्ने ।
(ङ) समूहले शिपमुलक व्यबसाय संचालन गर्नको लागी र आपत, दुर्घटना परेका व्यक्तिलाई हित कोषको रकमवाट सहयोग गर्ने छ ।
(च) परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई व्यबसायिकरण गर्दै आधुनिक एवं वैज्ञानिक तरिकाले खेती गर्न तर्फ उत्प्रेरीत गर्ने छ ।
(छ) कृषि योग्य जमिनलाई संरक्षण र सर्वद्धन गरी प्रकृतिक प्रदुषण तथा प्रकोप रोक्न आवश्यक कार्य गर्ने
(ज) तरकारी तथा फलफूलको बिरुवा उत्पादन गर्न नर्सरी स्थापना गर्ने ।
(झ) जल सम्पदालाई उचित रुपमा प्रयोग गर्न अभिप्रेरीत गर्ने ।

**२. समूहको विधानको उपदफा (१) बमोजिमका उद्देश्यहरु प्राप्त गर्न यो समुहले देहाय बमोजिम कार्यहरु गर्ने छ :–**
(क) उन्नत प्रविधिबाट उत्पादन र उत्पादकत्व बढाउने ।
(ख) बिज वृद्धि गरी आत्मनिर्भर हुने,
(ग) उन्नत प्रविधि अपनाउने,
(घ) कृषि उत्पादनबाट आय वृद्धि गर्ने,
(ङ) समूहबाट बजार व्यवस्थापन गर्ने,
(च) कृषक द्धारा उत्पादित बस्तुको मूल्यमा एकरुपता ल्याउने,
(छ) भण्डारणको व्यवस्थापन गर्ने,
(ज) कृषि कार्यक्रमहरु तर्जुमा गरि संचालन गर्ने,
(झ) सदस्यहरुबीच स्वालम्बन,पारस्परीक सहयोग एंव मितव्याइर्ता अभिवृद्धि गरी नियमित बचत गर्ने बानि प्रबर्द्धन,
(ञ) सदस्यको सीपमुलक उद्देश्यको लागि सुलभ व्याजदरमा ऋण प्रदान गर्ने,
(ट) आफ्नो उद्देश्य पूरा गर्न स्थानिय क्षेत्र,राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाहरु सँग सहयोगात्मक भावना राख्ने,
(ठ) कृषी सँग सम्बन्धित अन्य समूह सहकारी संघ संस्थासँग सम्पर्क कायम गरी जानकारी एंव सूचना आदान प्रदान गर्ने,
(ड) कृषि उपजको प्रशोधन गर्ने,
(ढ) हितकोष संकलन गर्ने,
(ण) हितकोषको परीचालन गर्ने,
(त) कृषि उपज उचित मूल्यमा खरिद तथा ढुवानी गर्ने,
(थ) सिंचाई सुविधा उपलब्ध गराउने,
(द) उन्नत बीउ, रासायनिक मल, कृषि औजार लगायत कृषि सामाग्री बिक्रि वितरण गर्ने,
(ध) खेती विकास योजना तयार गर्ने,
(न) माथि उल्लेखित उद्देश्यहरु पूर्ति गर्न अन्य कार्यहरु गर्ने,

**(३) सदस्यता :–**
(क) एकै उद्देश्य एंव सकभर आर्थिक अवस्था समानता भएको एंव यस समूहको विधानको परीधिभित्र रहने इच्छा व्यक्त गरेको व्यक्तिलाई यस समूहको सदस्यता प्रदान गर्न सकिन्छ ।
(ख) सदस्य हुन चाहने व्यक्तिले कम्तिमा समूहका सदस्यहरुको लिखित सिफारीस साथ अनुसूची ८ उल्लेख भए बमोजिम दरखास्तको साथमा नागरीकताको प्रतिलिपि दिनु पर्नेछ ।

**(१) सदस्यहरुको योग्यता :**
(क) आफै खेतीगरेको/गर्न सक्षम भएको,
(ख) समूहको उद्देश्य अनुरुप कार्य गर्न ईच्छुक भएको,
(ग) समूहको विधान अनुसार कार्य गर्न मन्जुरी भएको,

(घ) कृषक–कृषक बीच आपसी सहयोग बढाउन ईच्छुक भएको,
(ङ) सदस्यताको लागि १६ वर्ष पूरा भएको हुनु पर्नेछ,

**(२) साधारण सदस्य :**
(क) सदस्यता शुल्क रु........ तिरी साधारण सदस्यताको निवेदन दिई कार्य समिति निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्ने छ । यस्तो सदस्यले मासिक बचत रु...... प्रत्येक महिना जम्मा गर्नु पर्नेछ ।
(ख) समूह गठन भईसकेपछि कुनै पनि योग्याता पुगेको व्यक्तिले समूहको सदस्यता लिन चाहेमा समूहमा आबद्ध प्रति सदस्य बराबर उक्त मितिसम्म संचित हितकोष र सोको ब्याज साथै नियमानुसारका अन्य शुल्क बुझाईसदस्यता प्राप्त गर्न सक्नेछ ।
**(३) सदस्यको अयोग्यता** : कार्य समितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठहर्याई सदस्यता समाप्त गर्न सक्नेछ :–
(क) तोकिएको मासिक बचत तथा अन्य तिर्नुपर्ने रकमहरु ३ महिना सम्म नतिरेमा,
(ख) विधानको उद्देश्य विपरित कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समितिबाट निस्काशन गरेमा,
(ग) सदस्यताबाट राजीनामा दिएमा (सदस्य रहन नचाहेर लिखित निवेदन कार्य समितिले सदर सिफारिस गरेमा)
(घ) अपराधिक कार्यमा संलग्न भएको दोष प्रमाणित भएमा,
(ङ) कृषि पेशा त्यागी अन्य कार्य गर्न थालेमा,
(च) मुत्यु भएमा,
(छ) समुहको सिद्धान्त वा नियम वा प्रतिष्ठामा आचँ आउने कार्य गरेमा,
(ज) अन्य..................................................................।

**४. साधारण सभा तथा कार्य समिति गठन**
**(१) साधारण सभा** : (क) यस समूहको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारण सभाको सदस्य हुनेछ, जुन समूहको उच्चतम निकाय हुनेछ ।
(ख) यसले विधान पारित एवम् संशोधन गर्न सक्ने छ ।
(ग) साधारण सभा वर्षमा कम्तिमा एक पटक बस्नु पर्ने छ ।
(घ) आवश्यक अनुसार जुनसुकै बेला साधारण सभा बोलाउन सकिने छ ।
**(२) साधारण सभाको अधिवेशन :** कार्य समितिले तोकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परार्मश लिई लिखित सुचनाद्धारा सम्पूर्ण सदस्यलाई साधारण सभाको स्थान,मिति तथा एजेन्डाको जानकारी गराउनु पर्नेछ ।
**(३) साधारण सभाको काम कर्तव्य र अधिकार :**
(क) कार्य समितिको निर्वाचन गर्ने तथा गठन गर्ने ।
(ख) विधान संशोधन गर्ने ।
(ग) वार्षिक बजेटको अनुमोदन गर्ने ।
(घ) समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।
(ङ) समूहको वार्षिक कार्य योजना बनाउने ।
(च) समूहले कार्य योजना बनाउदाँ,कम्तिमा ६०प्रतिशत कृषि कार्यक्रम बनाउने ।
(छ) अन्य.........................................................................................।
**(४) साधारण सभाको गणपूरक संख्या :**
(क) समुहको साधारण सभाको बैठकमा कम्तिमा पनि ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा हुनु पर्नेछ ।
(ख) यदि सो नभए फेरी ३ दिन भित्र अर्कोसभा बोलाउनु पर्नेछ ।
(ग) यसमा कुल साधारण सदस्यको २५ प्रतिशत उपस्थिति भएमा पनि यो सभाको बैठक बस्नेछ ।

**(५) कार्य समिति गठन विधि :**
(क) कार्य समिति ७ सदस्यीय हुनेछ ।
(ख) योग्यता पुगेका व्यक्तिहरुवाट कार्य समिति तपशिल बमोजिम गठन गरिनेछ ।
अध्यक्ष : श्री ....................................
उपाध्यक्ष : श्री ......................................

सचिव :　　　श्री ........................................

सहसचिव :　　श्री..........................................

कोषाध्यक्ष :　　श्री ........................................

सदस्यहरु :　　१) श्री ..........................................

　　　　　　२) श्री ..........................................

(ग) कार्य समितिका पदाधिकारीहरुको बैठक हरेक महिनाको ............. गते/दिन हुनेछ । तर आवश्यकता भए जुनसुकै समयमा पनि बस्न सक्ने छ ।

(घ) कार्य समितिका पदाधिकारीहरुको कार्य अवधि २ वर्षको हुनेछ ।

(ङ) कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाई पनि कार्यसमितिको पदमा समितिको बहुमतबाट मनोनित गर्न सक्नेछ ।

(च) कार्य समितिको कोरम २/३ लाई मानिनेछ तथा निर्णय बहुमतद्धारा हुनेछ ।

(छ) साधारण सभाका सदस्यहरुले आफु मध्येबाट निर्वाचन प्रक्रियाद्धारा अध्यक्ष सचिव, कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरुको चयन गरि कार्य समिति गठन गर्नेछ । तर अध्यक्ष सचिव, कोषाध्यक्ष मध्ये एक पदमा महिला सदस्य अनिवार्य रुपमा हुनु पर्दछ ।

(ज) ७ सदस्यीय कार्य समिति वाहेक समूहका पदाधिकारीहरुले सल्लाहकारको रुपमा बढिमा ३ जना सम्म राख्न सकिने छ, जसमा १ जना सोही वडाको कृषि क्षेत्र हेर्ने जनप्रतिनिधी हुनुपर्ने छ । सल्लाहकार समितिमा पुरुष पनि राख्न सकिने छ । समुह गठन गर्दा आवश्यक सर-सल्लाह गर्नु परेमा ओमसतिया गाउँपालिका कृषि शाखामा अनुरोध गरिने छ ।

सल्लाहकार

- श्री................................
- श्री...................................
- श्री.........................................

(झ) अन्य..........................................................।

**(६) कार्य समितिको काम, कतर्व्य र अधिकार :** (क) विधानको परिधि भित्र रही, समुहको उद्देश्य अनुरुप साधारण सभाले गरेको निति निर्देशनलाई पालन गर्ने ।

(ख) समूहको वार्षिक कार्यक्रम बनाउने तथा समुहको क्रियाकलापहरु संचालन गर्ने ।

(ग) सहकारी तथा गैर सहकारी संस्थाहरुसँग सम्पर्क वृद्धि गर्ने कृषि सम्बन्धि अन्य संघ संस्थाहरुसँग सम्पर्क गरि बढि सहयोग प्राप्त गर्ने ।

(घ) सहकारीमा जाने प्रयास गर्ने ।

(ङ) समुहको कार्ययोजना बनाई लागु गर्ने ।

(च) समूहको वार्षिक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने ।

(छ) अन्य .....................................।

**(७) समूहको बैठक :** (क) समुहको नियमित बैठक प्रत्येक महिनाको ........ गते बस्ने छ ।

(ख) समुह बैठकहरु कार्य समितिले निधो गरेको ठाउँ मिति र समयमा नियमित रुपमा बस्ने छ ।

(ग) पुर्व निधारित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सो को जानकारी कारण सहित पहिले नै दिनु पर्छ ।

(घ) जानकारी नदिई लगातार तीन बैठकहरुमा उपस्थित नहुने सदस्यलाई समुह सहमतिको आधारमा निष्कासित गरिनेछ ।

## ५. पदाधिकारीको काम, कर्तव्य र अधिकार :

### (१) अध्यक्षको काम कर्तव्य अधिकार :

(क) आवश्यकता अनुसार समूहको बैठक र साधारण सभा बोलाउने,

(ख) बैठकको अध्यक्षता गर्ने तथा बैठक नियन्त्रण गर्ने,

(ग) समूहलाई क्रियाशील गराउने र उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने,

(घ) कुनै विषयमा मतदान हुदाँ मत बराबर भएमा निर्णायक मत दिने,

(ङ) विधानमा तोकिए अनुसार साधारण सदस्यले माग गरे अनुरुप विशेष साधारण सभा बोलाउने,

(च) समूहले तोकेको काम कारबाही गर्ने,

(छ) समूहमा उठेका विवादहरु सामाधान गर्ने,

(ज) समूह र स्थानिय तहको सम्बन्धित निकायहरुसँग सम्पर्क व्यक्तिको रुपमा काम गर्ने

(झ) समूहको निर्णय, कार्यक्रम र क्रियाकलाप भएका कारवाहीहरु एंव समस्याहरुको अभिलेख राख्न सचिवलाई सहजिकरण गर्ने,

(ञ) वार्षिक कार्ययोजनाको कार्यान्वयन एंव समूह परिचालनको नेतृत्व लिने,

(ट) समूह बैठकमा भएका निर्णय,वार्षिक साधारण समितिका निर्णय, वार्षिकप्रगति प्रतिवेदन लगायतका कागजातहरु आवश्यकता अनुसार सम्बन्धित निकायमा पेश गर्ने ।

(ठ) समुह सदस्यहरुलाई आफ्ना समस्याहरुको पहिचान र तिनको प्राथमिकता तोक्न सघाउनु र साथै उक्त समस्याहरु सामाधान गर्न कार्यक्रम बनाउन र कार्यान्वयन गर्न लगाउने,

(ड) सदस्यहरलाई क्रियाशिल गराई समन्वय र सहकार्य गर्ने,

(ढ) समूह सदस्यहरुबीच मतभेद व्यवस्थापनका लागि सहजिकरण गर्ने ।

**(२) उपाध्यक्ष :**

- अध्यक्षको अनुपस्थितिमा समुह सदस्यहरुको परामर्शले अध्यक्षको कार्यकम संचालन गर्ने ।

**(३) सचिव :**

- अध्यक्षलाई आवश्यक सहयोग गर्ने ।
- वैठकमा निर्णयहरु लेख्ने र सम्वन्धित ठाँउमा पठाउने ।
- समुहको निति नियम वारे समुह सदस्यहरुलाई स्पष्ट रुपमा जानकारी दिने
- समुहको कार्यकम सम्वन्धि जानकारी सम्वन्धित निकाय तथा व्यक्तिहरुलाई आवश्यकता अनुसार दिने र पत्राचार गर्ने ।
- समुह संग सम्वन्धित विषयको स्पष्ट अभिलेख राख्ने ।
- अध्यक्ष संग आवश्यक सर सल्लाह गरी समूहको नियमित तथा आकस्मीक वैठक वोलाउने ।

**(४) सहसचिव :**

- सचिवको अनुपस्थितीमा सम्पूर्ण समुह सदस्यहरुको राय लिई सचिवको जिम्मेवारी वहन गर्ने ।

**(५) कोषाध्यक्ष :**

- समितिको खाता नियमीतरुपमा संचालन गर्ने ।
- समितिको हिसाव किताव नियमीतरुपमा स्पष्ट र ठिक राख्ने ।
- हितकोषको सदुपयोग तथा संचालनकोलागि कार्य योजना वनाउने ।
- हितकोष एवं समूहको आर्थिक विवरण पेश गर्ने ।
- अख्तियारवाला व्यक्ति वा संस्थाले कुनै पनि बिबरण चाहेको अवस्थामा समूहको आर्थिक कारोवार बिबरण देखाउने ।

**(६) सदस्यहरु :**

- कार्यकारिणी समितिको वैठकमा उपस्थित भई छलफलमा भाग लिने ।
- यस समूहको कार्यक्रम र योजनाहरुको सफलताको लागि रचनात्मक भूमिका खेल्ने ।
- अध्यक्षले जिम्मा दिएको काम गर्ने ।
- कृषकहरुको समस्यालाई समितिमा छलफल गराउन प्रस्ताव ल्याउने ।

## (६) आर्थिक व्यवस्था

**(१) आर्थिक श्रोत :**

(क) यस समूहको सदस्यहरुको प्राप्त सदस्यता शुल्क,

(ख) समूहको अन्य क्रियाकलापबाट भएको आम्दानी,

(ग) समूहको सदस्यले बचत गर्ने मासिक रकम,

(घ) समूहबाट ऋण लगानी गर्दा प्राप्त व्याज,

(ङ) समूहले अन्य संघ/संस्थाबाट पाएको अवसरबाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट ……………प्रतिशत लेबी,

(च) समूह सदस्यले आफ्नो नामबाट गरेको बचत,

(ज) विलम्व शुल्कबाट,

(झ) अन्य……………….।

**(२) हितकोष :**

(क) श्री.......................... कृषक समूहको एक हितकोष हुने छ ।

(ख) श्री......................................बैंकमा समूहको खाता रहने छ ।

**(३) हितकोष परिचालन :**

(क) हितकोष रकमको कम्तिमा ५० प्रतिशत कृषि कार्यमा संचालन गर्नुपर्नेछ ।

(ख) समूह सदस्यलाई आवश्यकता भएमा हितकोषबाट ऋण/सापटी लिन सक्ने छ ।

(ग) सदस्यले ऋण माग गर्न अनुसूची–९ अनुसार निवेदन दिनुपर्नेछ ।

(घ) कृषि कार्यको लागि लिइएको ऋणमा ................प्रतिशत मासिक ब्याज लाग्ने छ ।

(ङ) अन्य ऋणमा ............. प्रतिशत मासिक ब्याज लाग्ने छ ।

(च) मासिक ब्याज, मासिक बचत रकम एवम ऋणी सदस्यले तोकिए बमोजिम ऋण किस्ता प्रत्येक महिना बुझाउनुपर्नेछ ।

(छ) ऋण लिदाँ ऋण रकमका ............. प्रतिशत सेवा शुल्क बुझाउनु पर्नेछ ।

(ज) .........................बैंकमा समूह अगुवा/अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखत बाट खाता संचालन हुनेछ ।

**(४) हितकोष परिचालनका उपायहरुलाई दुई वर्ग (आवश्यक खर्च र आन्तिरिक लगानी) मा विभाजन गर्न सकिनेछ :–**

**(क) आवश्यक खर्च** : आवश्यक खर्च भन्नाले देहाय बमोजिमको कार्यालय र प्रशासनिक खर्च भन्ने जनाउनेछ :–

- कार्यालय खर्च (कापी, कलम, बिल, भैचर, फाइल, रजिष्टर, खाता, पत्रपत्रिका)
- फर्निचर खर्च,
- ढुवानी तथा घर भाडा
- अन्य संस्थासँग सदस्यता लिदाँ तिर्नुपर्ने खर्च र वार्षिक नविकरण खर्च,
- लेखा परिक्षण खर्च,
- साधारण सभा खर्च,
- विविध (समूहको बैठकमा चिया नास्ता आदि ) ।

**(ख) आन्तरिक लगानी :** आन्तरिक लगानी भन्नाले समूह भित्रको सदस्य बीचको देहाय बमोजिमको लगानी भन्ने जनाउनेछ :–

- उत्पादनमूलक कार्य गर्न (उत्पादन तथा उत्पादन सामाग्री खरिद विक्रि)
- मल, बीउ, बाली संरक्षण, तरकारी बोट बिरुवा किन्न र प्रयोग गर्न,
- आयमुलक कार्य गर्न (बाखा, बंगुरपालन आदि)
- घरेलु आयमुलक कार्य गर्न (स्थानीय सिप, रेशम पालन, सिलाई बुनाई, माहुरी पालन, तरकारी खेत, करेसावारी आदि,
- सामाजिक कार्य गर्न जस्तै सफाई अभियान, पहिरो नियन्त्रण, वृक्षारोपण, कुलो निमार्ण, स्वास्थ्य र वातावरण संरक्षण आदि,
- सिप विकास जस्तै प्याकिङ्ग, नर्सरी र तालीम आदि,
- बौद्धिक कार्य गर्न जस्तै तालिम,प्रवचन,भ्रमण र गोष्ठी आदि,
- सामाजिक कार्य गर्न जस्तै महिला विकास,वाल विकास आदि,
- पूँजी लगानी,कर्जा प्रवाह,शेयर खरिद आदि गर्न ।

**(५) बिलम्व शुल्क :** (क) मासिक बचत रकम तोकेको समयमा नतिरेमा पहिलो महिना प्रति दिन रु. ................ बिलम्व शुल्क लाग्नेछ ।

(ख) दोस्रो महिना प्रति दिन रु........ बिलम्ब शुल्क लाग्ने छ ।

(ग) तेस्रो महिना प्रति दिन रु...................

(घ) चौथो महिनाबाट सदस्यता खारेज हुनेछ ।

(ङ) प्रत्येक महिना बुझाउनु पर्ने ऋण किस्ता र ब्याज नबुझाएमा प्रति महिना रु............. प्रति दिन दोस्रो महिना रु...........प्रति दिन र तेस्रो दिन रु..........प्रति दिन बिलम्व शुल्क लाग्ने छ । चौथो महिना ऋण रकम ब्याजहरु ऋणी र जमानी सदस्यहरुबाट असुल उपर गरिनेछ ।

(च) एक सदस्यको जमानी बसेको सदस्यले पुनः जमानी बस्ने छैन ।

(छ) जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋण तिरी सके पछि जमानी सदस्यले ऋण पाउन सक्नेछ ।

(ज) ऋण लिएको सदस्यले अरु सदस्यको जमानी बस्न पाउने छैन ।

(झ) ऋण लिनको लागि..........सम्म एक सदस्यको जमानी रु...........सम्म दुई सदस्य र रु..........सम्म तिन सदस्यको जमानी चाहिनेछ ।

**(६) लगानी सुरक्षण :** (क) कुनै पनि व्यक्तिले आफ्नो नाममा जम्मा भएको हितकोषको अधिकतम ९०% सम्म मात्र ऋण लिन पाउने छ ।

(ख) यदि व्यक्तिको नाममा संकलित हितकोषको ९०% भन्दा बढी ऋण लिनुपर्ने भएमा सोही समूहका अन्य २ जना सदस्यको सामुहिक जमानीमा ऋण दिन सकिने छ ।

(ग) ऋण लिने व्यक्तिले तिर्नुपर्ने सावाा र व्याज रकम नतिरेको/तिर्न नसकेको खण्डमा जमानी बसेका सदस्यमार्फत असुलउपर गरिनेछ ।

(घ) यदि जमानी मार्फत पनि असुल उपर हुन नसकेको अवस्थामा नेपाल सरकारको प्रचलित नियमानुसार कारवाही प्रक्रिया अगाडी बढाईनेछ ।

(ङ) ऋण लगानी एवम् असुलउपर गर्न ऋण उप–समितिको स्वीकृति लिनुपर्ने छ ।

(च) ऋण उप– समितिका सदस्यहरु कसैको पनि जमानी बस्न पाईने छैन ।

**(७) लेखापरीक्षण :** (क) प्रत्येक कृषक समूहले रजिष्टर्ड लेखा परिक्षण अनिवार्य रुपमा गराउनु पर्दछ ।

(ख) लेखा परिक्षण वार्षिक साधारण सभाको पूर्ण बहुमतबाट अनुमोदन गर्नुपर्दछ ।

(ग) मुनाफा सम्पूर्ण सदस्यलाई प्रत्येक वर्षको लेखा परीक्षण पछि निजहरुको हिसाब खातामा जम्मा गर्नु पर्दछ ।

**८. विविध :**

**(१) निर्वाचन सम्बन्धी व्यवस्थाः**

(क) यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कामय नरहेको अवस्थामा साधारण सदस्यहरुको बैठकले निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

(ख) सो निर्वाचन अधिकृतले निर्वाचन अधिकृतमा नियुक्त भएको मितिले एक महिना भित्र निर्वाचन गराई सक्नु पर्नेछ ।

(ग) सो निर्वाचनमा पर्ने खर्च कार्य समितिले व्यवस्था गर्ने छ ।

(घ) यसमा कार्य समितिको पदाधिकारीहरुलाई मतदान वा समितिद्धारा साधारण सभाको सदस्यहरुले छान्ने छन् ।

**(२) पदावधि :**

(क) कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मिति देखि २ वर्षको हुने छ ।

(ख) सो गठित कार्य समितिको पदावधि समाप्त हुन १ महिना अगावै समूहको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउन अनिवार्य हुनेछ ।

(ग) कार्य समितिले विधानमा उल्लेखित आफ्नो कार्यकाल समाप्त हुन १ महिना अगावै निर्वाचन गराउन नसकेको तथा निजको कार्य अवधि समाप्त भएपछि सो कार्य समितिको सदस्यहरुको समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तटर्थ (प्रबन्ध वा तयारी ) समिति खडा गरी सो तटर्थ समितिद्धारा साधारण सभाको बैठक बोलाई नयाँ कार्य समितिको गठन गर्ने छ ।

(घ) कार्य समितिको पदावधि समाप्त हुनु अगावै कार्यरत कार्य समिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्य समितिले आफ्नो जिम्मा रहेको कागजपत्र नगद जिन्सी कार्यभार समेत सम्पूर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय सचिव भए सो लाई बुझाई सो को भरपाई लिन पर्नेछ ।

(ङ) सो नगरेमा यस समूहलाई हानी नोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुवैले संयुक्त रुपमा व्यहोनुपर्ने छ ।

**(३) उम्मेदारको अयोग्यता :**

(क) कृषि पेशामा संलग्न नभएको व्यक्ति,

(ख) कृषिको समूहमा नभएमा व्यक्ति,

(ग) समूहको उद्देश्य विपरित कार्य गर्ने व्यक्ति,

(घ) मानसिक अवस्था सामान्य ठिक नभएको व्यक्ति,

(ङ) फौजदारी अभियोगमा सजाए पाएको व्यक्ति,

(४) **अविश्वासको प्रस्ताव** : साधारण सभाको सदस्यहरु मध्येबाट दुई तिहाई सदस्यहरुले कार्य समिति उपर अविश्वासको प्रस्ताव ल्याई दुई तिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्य समिति विघटन हुनेछ । तर अविश्वासको प्रस्ताव आएमा सफाईको मौकाबाट बन्चित गरिने छैन ।

(५) **राजीनामा :**

(क) यस समुहको अध्यक्षले उपाध्यक्ष (भए) समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्य समितिका पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछन् ।

(ख) कार्य समितिको बैठकबाट स्वीकृत नभए सम्म तिनीहरु आफ्ना पदमा बहाली रही रहनेछन् ।

(६) **विधान संशोधन :**

(क) समुहको विधान संशोधन गर्न आवश्यकता पर्न आएमा साधारण सभाको सदस्यहरु मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थितीमा विधान मस्यौदा पेश गर्ने छ ।

(ख) सदस्यहरु मध्येका उपस्थिती सदस्यहरु मध्येका दुई तिहाई बहुमतबाट विधान संशोधन मस्यौदा पारित भएमा विधान संशोधन गरिने छ ।

(ग) संशोधित विधान स्थानीय निकायको कृषि हेर्ने इकाई/शाखाबाट अनुमोदित नभएसम्म संशोधन भएको मानिनेछैन ।

(७) **नियम बनाउने :** साधारण सभाले आन्तरिक संचालन नियमहरु बनाउन सक्नेछ ।

(८) **उप–समितिहरु गठन गर्न सक्नेछ :** साधारण सभाले एंव कार्य समितिले साधारण सभाको स्वीकृत लिई आफ्ना कार्यक्रमहरु संचालन गरी समूहको लक्ष्य र उद्देश्य प्राप्त गर्न उपसमितिहरु बनाउन सक्नेछ ।

(९) **विघटन :**

(क) समूहको विधान बमोजिम कार्य संचालन गर्न नसकि वा उद्देश्य प्राप्त गर्न असफल भए वा तीन बर्षसम्म समुह नविकरण नभएमा समूह विघटन हुने छ ।

(ख) समूह विघटन भएको अवस्थमा बचत रकम सम्पूर्ण सदस्यलाई फिर्ता गर्नुपर्नेछ ।

**(१०) समूह छोड्नुपर्ने अवस्था/सदस्यको मुत्यु /सदस्यले पाएको अवसर :**

(क) कुनै पनि सदस्यले समूह छोड्न चाहेको खण्डमा निजको नाममा संकलन भएको हितकोष रकमबाट ३% कट्टा गरि बाँकी रकम भुक्तानी गरिनेछ ।

(ख) यदि कुनै सदस्यको मुत्यु भएमा निजले बचत गरेको सम्पूर्ण रकम निजको सबभन्दा नजिकको आफन्तलाई समूहले दिने व्याज सहित फिर्ता गरिनेछ ।

(ग) समूहले कुनै पनि संघ/संस्था/कार्यालयबाट पाएको कुनैपनि अवसर सामाग्रीहरु आवश्यकता हेरी समुहको बैठकबाट निर्णय गराई पालोपालो गरी सबै सदस्यले पाउने गरी वितरण गरिनेछ ।

**(११) समूहको चल अचल सम्पत्ति :**

(क) समूह विघटन भए पश्चात समुहको चल अचल सम्पत्ति स्थानीय निकायको आर्थिक विकास शाखा/कृषि शाखा/पशु शाखाको निर्णय को जानकारी पाएको ३५ दिन भित्र सम्बन्धित स्थानीय तहको उप–मेयर/उपाध्यक्षसमक्ष निवेदन गर्न सक्नेछन् ।

(ग) खण्ड (ख) बमोजिम उप–मेयर/उपाध्यक्षले गरेको निर्णय अन्तिम हुनेछ ।

**<u>समाप्त</u>**

नोट : समुह दर्ता गर्दा चाहिने आवश्यक कागजात तथा सर्तहरु :

- सम्बन्धित वडा कार्यालयको सिफारिस
- समुहको बैठक निर्णय
- पदका प्रमुख पदाधिकारीहरुको नागरिकता प्रमाणपत्र प्रतिलिपी १/१ प्रति संलग्न हुनुपर्ने ।
- समुहको छाप
- समुहको अध्यक्षको फोटो २ प्रति
- ओमसतिया गाउँपालिका कृषि शाखाका कृषि प्राविधिकको उपस्थितीमा समूह गठन भएको हुनुपर्ने ।
- समूहको बैंकमा खाता हुनुपर्ने ।
- समूहका सम्पूर्ण सदस्यहरुको विवरण यसै साथ भएको विवरण अनुसार हुनु पर्ने ।